## २. नेपाली [Nep. 002]

### विशिष्टीकरण तालिका (प्रश्न योजना)

**कक्षा : १२**
**पूर्णाङ्क ७५** **समय ३ घण्टा**

| क्र.स. | परीक्षणीय पाठ्यवस्तु (पढाइ र लेखाइ) | प्रश्नको प्रकृति | ज्ञान | बोध | व्यावहारिक सिप | उच्च दक्षता | सोधिने प्रश्न | उत्तर दिनुपर्ने प्रश्न | अङ्क भार | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अक्षर संरचना पहिचान | पहिचान र प्रयोग | १ | | | | १ | १ | ३ | बढीमा तीन वाक्य भएको एक अनुच्छेद दिई तिनमा ५ अक्षरसम्मका तीनओटा शब्दमा रेखाङ्कन गरी तिनको अक्षर संरचना र अक्षर सङ्ख्या लेख्न लगाउने |
| २. | वर्णविन्यास | पुनर्लेखन | | | १ | | १ | १ | ३ | वर्ण-(ब/व/श/ष/स/य/ए/न/ण/छ/क्ष/ज्ञ/ग्यँ) बाट-२, मात्रा-(ह्रस्व-इकार/उकारबाट-१,दीर्घ-ईकार /ऊकारबाट-१) गरी जम्मा-२, लेख्य चिह्न -१ र पदयोग/पदवियोग -१ गरी जम्मा ६ ओटा अशुद्धि भएका बढीमा तीन वाक्यको एउटा अनुच्छेद दिने र शुद्ध गरी पुनर्लेखन गराउने |
| ३. | शब्दभण्डार | पहिचान र प्रयोग | | | २ | | २ | १ | २ | कम्तीमा दुईओटा प्राविधिक/पारिभाषिक शब्द र दुईओटा अनुकरणात्मक शब्द प्रयोग भएको अनुच्छेद दिई एकओटा प्राविधिक/पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गर्न लगाई वाक्यमा प्रयोग गर्न लगाउने अथवा कम्तीमा दुईओटा उखान र दुईओटा टुक्का प्रयोग भएको अनुच्छेद दिई एक एकओटा उखान र टुक्का पहिचान गर्न लगाएर वाक्यमा प्रयोग गर्न लगाउने |
| ४. | पदवर्ग | पहिचान | | | १ | | १ | १ | ३ | एउटा अनुच्छेद दिई नाम, सर्वनाम, विशेषण, क्रियापदबाट चारओटा र अव्ययवर्गबाट दुईओटा गरी जम्मा छओटा शब्दको पदवर्ग पहिचान गर्न लगाउने । यसमा कम्तीमा एउटा शब्द चाहिँ वर्ग विचलन भएको दिने । |
| ५. | शब्दस्रोत | पहिचान | | | १ | | १ | १ | २ | एउटा अनुच्छेद दिई त्यसबाट तत्सम, तद्भव र आगन्तुकमध्ये कुनै दुई आधारबाट बनेका दुई दुई शब्द पहिचान गर्न लगाउने |
| ६. | शब्दनिर्माण | पहिचान र प्रयोग | | | २ | | २ | १ | ३ | (क) तत्सम, तद्भव तथा आगन्तुक स्रोतका तीन उपसर्ग र तत्सम तथा तद्भव स्रोतका तीन प्रत्यय दिई शब्द बनाउन लगाउने वा उपसर्ग र प्रत्ययको योगले बनेका कम्तीमा चारओटा उपसर्ग व्युत्पन्न र चारओटा प्रत्यय व्युत्पन्न शब्द भएको अनुच्छेद दिई त्यसबाट तीनओटा उपसर्ग व्युत्पन्न र तीनओटा प्रत्यय व्युत्पन्न शब्द खोजी निर्माण प्रक्रिया देखाउन लगाउने<br>(ख) चारओटा समस्त र चारओटा द्वित्व शब्द भएको एक अनुच्छेद दिई त्यसबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान |

CURRICULUM DEVELOPMENT CENTRE

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | गरी तिनको निर्माण प्रक्रिया देखाउन लगाउने । |
| ७. | कारक र विभक्ति तथा शब्द रूपायन | पहिचान र परिवर्तन | | | २ | | २ | १ | ४ | (क) छुट्टाछुट्टै कारक प्रयोग भएको कुनै विषयको वर्णन गरिएको बढीमा चार वाक्यको एक अनुच्छेद दिने र प्रयुक्त वाक्यमा भएका आठओटा कारकमा रेखाङ्कन गरी ती कारकको नाम लेख्न लगाउने वा छुट्टाछुट्टै आठओटा विभक्ति दिई तिनको प्रयोग गरेर चार वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने<br>(ख) चारओटा वाक्यको अनुच्छेद दिई लिङ्ग, वचन, पुरुष, आदरमध्ये कुनै एक आधारमा रूपायन गर्न लगाउने |
| ८. | काल, पक्ष, भाव, करण/ अकरण, वाच्य | पहिचान, प्रयोग र वाक्यान्तरण | | | २ | | २ | १ | ४ | (क) काल, पक्ष र भावमध्ये कुनै एकको प्रयोग गरेर चार वाक्यमा कुनै विषयको वर्णन गरी अनुच्छेद लेख्न लगाउने ।<br>(ख) कर्तृ, कर्म र भावमध्ये कुनै एक वाच्यका चारओटा वाक्य दिई अर्को वाक्यमा परिवर्तन गर्न लगाउने वा चारओटा वाक्यको अनुच्छेद दिई ध्रुवीयताका आधारमा वाक्य परिवर्तन गर्न लगाउने |
| ९. | वाक्य संश्लेषण तथा वाक्य विश्लेषण र उक्ति परिवर्तन | पहिचान र वाक्यान्तरण | | | २ | | २ | १ | ४ | (क) कुनै आठओटा सरल वाक्य दिई त्यसलाई चारओटा जटिल वाक्यमा संश्लेषण गर्न लगाउने वा कुनै चारओटा जटिल वाक्य दिई तिनलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्न लगाउने वा चारओटा सरल वाक्य भएको अनुच्छेद दिई एउटा वाक्यमा संश्लेषण गर्न लगाउने<br>(ख) कुनै चारओटा प्रत्यक्ष कथनका वाक्य दिई तिनलाई अप्रत्यक्ष कथनमा बदल्न लगाउने वा कुनै चारओटा अप्रत्यक्ष कथनका वाक्य दिई तिनलाई प्रत्यक्ष कथनमा बदल्न लगाउने |
| १०. | पठनबोध | (प्रयोजनपरक रचना) | | १ | | | १ | १ | ५ | दृष्टांश/अदृष्टांश प्रयोजनपरक पाठबाट १७५ शब्दमा नघटाई गद्यांश दिई तथ्यपरक, निष्कर्षात्मक, अनुमानात्मक र सन्दर्भबोधक पाँचओटा प्रश्न सोध्ने |
| ११. | बुँदाटिपोट र सङ्क्षेपीकरण | बुँदाटिपोट र सङ्क्षेपीकरण | | | | १ | १ | १ | २+३=५ | दृष्टांश/अदृष्टांश गद्यांशको कुनै एक अनुच्छेदबाट प्रमुख चारओटा बुँदाटिपोट गर्न लगाउने र एक तृतीयांशमा सारांश लेख्न लगाउने |
| १२. | व्यावहारिक लेखन (पत्र) | रचना | | | | २ | २ | १ | ४ | (क) निवेदन, व्यावसायिक पत्र, सम्पादकलाई चिठी, सूचना, विज्ञप्ति र विज्ञापनमध्ये कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउने<br>(ख) मन्जुरीनामा, भर्पाई, तमसुक, सम्झौता पत्र, /करारनामा, बैठक निर्णय, व्यक्तिगत विवरणमध्ये कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउने |
| १३. | प्रतिवेदन लेखन वा टिप्पणी लेखन | अभिव्यक्ति | | | | २ | २ | १ | ५ | (क) निर्धारित ढाँचामा घटना, समारोह, स्थलगत भ्रमणमध्ये कुनै एक विषयमा १५० शब्दमा नघटाई एउटा प्रतिवेदन लेख्न लगाउने<br>(ख) कुनै एक विषयमा १५० शब्दमा नघटाई टिप्पणी लेख्न लगाउने |

CURRICULUM DEVELOPMENT CENTRE

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | व्याख्या | सन्दर्भमा आधारित | | २ | | | २ | १ | ४ | निर्धारित कविता, कथा, निबन्ध, जीवनी, नियात्रा, रिपोर्ताज र रूपक पाठबाट कुनै उद्धरण वा अंश दिई दुईओटा प्रश्न सोधी कुनै एउटाको उत्तर लेख्न लगाउने |
| १५. | साहित्यिक रचनाको पठनबोध | सन्दर्भमा आधारित सङ्क्षिप्त प्रश्न | | २ | | | २ | १ | ४ | निर्धारित कविता, कथा, निबन्ध, जीवनी, नियात्रा, रिपोर्ताज र रूपक पाठबाट कुनै उद्धरण वा अंश दिई दुई प्रश्न सोध्ने र एउटाको मात्र उत्तर लेख्न लगाउने (प्रत्येक प्रश्नभित्र दुईओटा उपप्रश्न रहने छन् ।) |
| १६. | प्रतिक्रिया वा तार्किक लेखन | प्रतिक्रियात्मक तथा तार्किक प्रश्न | | | | २ | २ | १ | ४ | (क) निर्धारित पाठबाट विषयवस्तु, भाव, परिवेश, सन्देश, चरित्रमध्ये कुनै एक प्रश्न सोधी प्रतिक्रिया लेख्न लगाउने<br>(ख) निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको उत्तर लेख्न लगाउने |
| १७. | पाठगत बोध | समीक्षात्मक प्रश्न | | २ | | | २ | १ | ८ | उपन्यास, कथा, कविता, निबन्ध, जीवनीबाट विषयवस्तु, पात्र, परिवेश, मूलभाव आदिसँग सम्बन्धित दुईओटा प्रश्न सोध्ने र कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्न लगाउने |
| १८. | निबन्ध लेखन | स्वतन्त्र रचना | | | | ३ | ३ | १ | ८ | आत्मपरक र वस्तुपरक शैलीका तीनओटा शीर्षक दिई कुनै एक विषयमा न्यूनतम २५० शब्दसम्मको एउटा निबन्ध लेख्न लगाउने |
| जम्मा | | | | | | | ३१ | १८ | ७५ | |

**द्रष्टव्य**

(क) ज्ञान : यसमा प्रारम्भिक सिकाइका कुरा पर्छन् । विशिष्ट तथ्य, पुनः स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ग) व्यावहारिक सिप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रश्नहरू सोधिने छन् ।

(घ) उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमता सम्बन्धी प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

CURRICULUM DEVELOPMENT CENTRE

**नमुना प्रश्न**

**अनिवार्य नेपाली [Nep. 002]**

**कक्षा-** १२ **पूर्णाङ्क- ७५**

**समय-** ३ घण्टा

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् : (३)**

सरोवरमा स्नानपछि शुचीभद्रले दमयन्तीलाई कालो धोती र दुकुलको ओड्ने दियो । भोजनपश्चात् त्यो सार्थले निकै बेरसम्म त्यही सरोवरछेउ विश्राम गऱ्यो । विश्राम गर्दा घोडा र गाईगोरुहरूलाई समेत नुहाइदिएर चर्न यताउति छोडियो ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)

हाम्रो आवाजलाई पछ्याउँदै साथीहरू डाँडामा निस्किसकेपछि मैले भनैं, छिटो हिँड्न नसक्ने साथीचाहिँ दुई जना भरियाहरू सित विस्तारी आउनुहोस्, हामी तिन जना चाहिँ दुगुर्दै पोखरा जान्छौं अनि खानाको व्यवस्था मिलाउँछौं । जस्तै अवस्थामा पनि र जति रात परे पनि तपाईंहरु अवस्य आइपुग्नुहोला ।

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**

**(क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कार्यालयको बेरुजु रकम बढेपछि ऊ मानसिक अन्तर्द्वन्द्वमा फस्यो । त्यसपछि कार्यकक्षबाट जुरुक्क उठेर सुटुक्क घरतिर लाग्यो ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

गाउँमा एकाक्सि महाविपत्ति पऱ्यो । यस्तो बेला पनि तमासा हेर्ने र कानमा तेल हालेर बस्नेको कमी भएन । तीमध्ये केहीले भने आफ्नो गाँस काटेर भए पनि बचाए । यो कुरा एक कान दुई कान मैदान झैँ सबैतिर फैलियो । छिमेकी, इष्टमित्र सबैको सहयोगले एकले थुकी सुकी सयले थुकी नदी भने झैँ हुँदै गयो । आफू भलो त जगत् भलो भन्ने भनाइलाई अन्ततः सहयोगी मनले चरितार्थ गरेरै छाडे ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् : (३)**

'जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ! सहारा, सुरक्षा र माया गुमाएकी मान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी साना छन् । आफैँ सोच्नुस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ? यी विषय सोच्दा मलाई पट्यार लाग्छ'' सुस्केरा हाल्दै मैले भनैं ।

**५. तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : (२)**

अक्षता हेरे झैं टपरीका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिनलाग्दो देखिने भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्ने सुझाव दियो ।

CURRICULUM DEVELOPMENT CENTRE

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस्  : (३)**

**(क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

ग्रामीण भेगको तुलनामा सहरिया मानिस विलासी हुन्छन् । सधैँ परिश्रम गरेर बाँच्ने गाउँले जीवन कर्तव्यले भरिएको हुन्छ । सादा आचरण भएका उनीहरू सबैमा सहभाव राख्छन् ।

**(ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् :**

कोभिडका कारण बन्दाबन्दीको समयमा घरबाहिर ननिस्कन निषेधाज्ञा जारी गरे तापनि आआफ्ना सुरमा सहरबजारका ठिटाठिटी ओहोरदोहोर गरिरहेका देखिन्थे । विश्व नै रोगग्रस्त भएका वेला यसरी बेकाममा लुखुरलुखुर गरी गल्लीडुलुवा भई हिँड्नु राम्रो होइन ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) ले, लाई, बाट, द्वारा, देखि, को, नो, मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् ।**

**(ख) सामान्य आदरमा रूपान्तरण गरी पुनर्लेखन गर्नुहोस् :**

तपाईं आज पनि कतै जानुहुन्छ कि ? अहिलेको समयमा यसरी बाहिरतिर घुम्न ननिस्कनुहोस् । घरभित्रै बसेर व्यायाम गर्नुहोस् । बरु किताब पढ्नुहोस्, कथा लेख्नुहोस् ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस्  : (४)**

**(क)  तलका दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**

यसपालि जाडो बिदामा पोखरा घुम्न जान्छौँ । पोखराको लेकसाइडको रिसोर्टमा बस्छौँ । बेगनास र फेवातालमा डुङ्गा पनि चढ्छौँ । तीन दिनको बसाइपछि आआफ्नो घर फर्कन्छौँ ।

**(ख) इच्छार्थक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो साथीको कार्य सफलताको वर्णन गर्नुहोस् ।**

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस्  : (४)**

**(क) तलका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**

युवा कामको खोजमा विदेश गए तर उनीहरूले सोचे जस्तो काम पाएनन् । जीवन सुधारका लागि धेरै प्रयास गरे तापनि समस्या जिउँका तिउँ नै रह्यो । जब राष्ट्रले त्यो समस्या थाहा पायो तब युवालाई विदेशबाट झिकाई स्वरोजगारी बनायो । विदेश जानेको सङ्ख्यामा उल्लेख्य कमी आयो अनि विदेश जानेको आकर्षण घट्यो ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

छोराले भन्यो, “आमा, बहिनी कति वर्षकी भई ?”

आमा, “तीन वर्षकी भई ।”

छोरा, “अब उसलाई कहिले विद्यालय पठाउने ?”

आमा, “तिमीले वेलैमा सम्झायौ, यसै वर्षदेखि पठाउने ।”

**१०. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस्  :  (५ â १=५)**

संसारको सृष्टि कहिले भयो ? कसरी भयो ? केबाट भयो ? सृष्टि हुनुभन्दा अघि के थियो ? आदि प्रश्न प्रायः सबै व्यक्तिका लागि जिज्ञासाका विषय हुन् । यसैले सृष्टिसम्बन्धी विभिन्न दृष्टिकोण प्रस्तुत हुनु स्वाभाविकै हो । सृष्टिसम्बन्धी प्रस्तुत भएका विभिन्न दृष्टिकोणमध्ये पूर्वीय वाङ्मयका वैदिक ग्रन्थ र आधुनिक भौतिक शास्त्रीको



CURRICULUM DEVELOPMENT CENTRE

सृष्टिसम्बन्धी दृष्टिकोण निकै मिल्दोजुल्दो देखिन्छ । आधुनिक भौतिक शास्त्रीले ब्रह्माण्डको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । उनीहरूले सर्वाधिक घनत्वमा रहेको त्यस बिन्दुलाई ब्ल्याकहोल भनेका छन् । भौतिक शास्त्री आइन्स्टाइनले ब्ल्याकहोलको अधिकतम गुरुत्व शक्तिका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि हकिङले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिज खुम्चिएर खाँदिएर रहेका हुने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुने र बिस्तारै ब्ल्याक होल नष्ट हुने बताए । रेडियसन उत्सर्जन नगर्दा चाहिँ महाविस्फोटन भएर त्यसबाट नयाँ ब्रह्माण्डको सृष्टि पनि हुन सक्ने विचार व्यक्त गरे । भौतिक शास्त्रीको यो मान्यता 'ऋग्वेद' को सृष्टिसम्बन्धी दृष्टिसँग मिल्दोजुल्दो देखिन्छ । 'ऋग्वेद' मा 'सृष्टिपूर्व अन्धकारबाट ढाकिएको सघन अन्धकार थियो । त्यसभित्र आफ्नो शक्तिपुञ्जबाट निर्मित एक अत्यन्त ऊर्जाशील तत्त्व थियो । यही तत्त्वबाट चारैतिर फैलिएको किरण नै पदार्थमा परिणत भई संसारको सृष्टि भयो' भनिएको छ । 'ऋग्वेद' मा भनिएको अन्धकारबाट ढाकिएको ऊर्जाशील तत्त्व भौतिक शास्त्रीले भनेको सर्वाधिक घनत्वको अवस्थामा रहेको बिन्दुसँग मिल्दछ । 'ऋग्वेद' मा उल्लेख गरिएको यही गतिशील र उर्जाशील तत्त्वलाई वेदान्त दर्शनले निर्गुण, निराकार ब्रह्म भनेको छ । वेदान्त दर्शनमा माकुराले आफ्नो सानो शरीरबाट ठुलो जालो बुनेर पुनः आफूमा विलीन गर्न सके झैँ निर्गुण, निराकार र ऊर्जापुञ्जका रूपमा रहेको ब्रह्म नै चारैतिर फैलिएको किरणका माध्यमबाट जीवनजगत्रूपमा परिणत हुन्छ । प्रलयकालमा ब्रह्मले नै सङ्कुचनका माध्यमबाट सम्पूर्ण जीवन जगत्लाई पुनः आफूमै समाहित गर्छ भनिएको छ । यसैले वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको कारकका रूपमा ब्रह्मलाई लिइएको छ । भौतिक शास्त्रीले पनि ब्ल्याकहोलमा रहेका उर्जाशील क्वान्टम पुञ्जको विस्फोटन हुँदा ब्रह्माण्ड बन्ने र सङ्कुचन भएपछि पुनः क्वान्टम पुञ्जमा परिणत हुने बताएकाले भौतिकवादीले मानेको क्वान्टम पुञ्ज र वेदान्त दर्शनले स्विकारेको ब्रह्मबिच निकै समानता रहेको देखिन्छ । वेदान्त दर्शनमा जीवनजगत्को सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या गर्ने 'ब्रह्मसूत्र' रहे जस्तै भौतिक शास्त्री हकिङ पनि ब्रह्माण्डको उत्पत्ति, संरचना र प्रलयको एकीकृत व्याख्या गर्ने सिद्धान्त बनाउने प्रयत्नमा थिए । उनी यसमा सफल हुन सकेनन् । उनले उत्तरवर्ती अनुसन्धाताका लागि मार्गचित्र भने कोरिदिएका छन् ।

**प्रश्नहरू**

(क) आधुनिक भौतिक शास्त्रीले ब्रह्माण्डको सृष्टि कसरी भएको बताएका छन् ?

(ख) केलाई वेदमा सृष्टिको कारक मानिएको छ ?

(ग) ब्रह्म र क्वान्टम पुञ्जका बिच कस्तो समानता रहेको छ ?

(घ) वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या कुन ग्रन्थले गरेको छ ?

(ङ) आइन्स्टाइनले ब्ल्कहोलसम्बन्धी कस्ता धारणा अगाडि सारेका छन् ?

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२+३=५)**

सहकारीको उपादेयता समाजका हरेक क्षेत्रमा उत्तिकै भए पनि आर्थिक समृद्धि र विकासमा यसको महत्त्व निकै विशिष्ट रहेको छ । विकासको मुख्य आधार आर्थिक समृद्धि हो । विकासका लागि आवश्यक आर्थिक समृद्धिमा सहकारीको भूमिका अपरिहार्य ठानेर नै संसारका अविकसित, विकासोन्मुख र विकसित सबै देशले सहकारीको स्थापना र सञ्चालन गरिरेहका छन् । धेरै देशले सहकारीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरिसकेका छन् । संयुक्त राष्ट्र सङ्घले पनि सहकारीलाई आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आधारस्तम्भ स्वीकार गर्दै सबै देशलाई यसका माध्यमबाट आफ्नो देशको विकास गर्न सकिने भएकाले यसको अनुसरण गर्न सुझाव दिएको छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

(क) स्थानीय स्वास्थ्य केन्द्रले सर्वसाधारण जनतालाई कोरोना भाइरस विरुद्धको खोप लगाउन जारी गर्ने सार्वजनिक सूचनाको नमुना तयार पार्नुहोस् ।

CURRICULUM DEVELOPMENT CENTRE

(ख) 'चण्डी एन्ड सन्स ट्रान्सपोर्ट कम्पनी' ले काठमाडौँ स्थित 'नवीन वस्त्र भण्डार' लाई सामान बुझाई रु. ५०,०००/- भुक्तानी लिए वापत गरिदिएको भरपाईको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (५)**

(क) नेपालका कुनै एक कविको स्मृतिमा आयोजित कवि गोष्ठीको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपालको कृषि प्रणालीमा सुधारको आवश्यकता' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (४)**

(क) हो, त्यो आउँछ

त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ ।

(ख) नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति हुन् ।

**१५. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

**(क) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

**प्रश्नहरू**

(अ) माथिको कवितांशमा नेपालीको कस्तो मानसिकताको चित्रण गरिएको छ ।

(आ) नेपालीले हिमचुलीबाट कस्तो प्रेरणा प्राप्त गरेका छन्, माथिको कवितांशका आधारमा व्याख्या गर्नुहोस् ।

**(ख) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धी थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।

**प्रश्नहरू**

(अ) विश्वव्यापीकरणका फाइदा र बेफाइदा लेख्नुहोस् ।

(आ) किन प्रतिस्पर्धी थपिँदैमा आत्तिनु पर्दैन भनिएको हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :**

**(क) भौगोलिक अवस्था र सामाजिक परिवेशका दृष्टिले 'घनघस्याको उकालो काट्दा' नियात्रा तपाईंलाई कस्तो लाग्यो, प्रतिक्रिया दिनुहोस् ।**

CURRICULUM DEVELOPMENT CENTRE

**(ख) 'मातृत्व' कथाकी पात्र ममताले सुबोधलाई छोडेर बाँकी जीवन सन्तानसँग बिताउन गरेको निर्णय तपाईंलाई कस्तो लाग्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।** (४)

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'एक चिहान' उपन्यासमा समाजको कस्तो अवस्थाको चित्रण गरिएको छ, वर्णन गर्नुहोस् ।

(ख) स्टिफन विलियम हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेको योगदानको समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) हाम्रा पाहुना पर्यटक

(ख) वैज्ञानिक चमत्कार

(ग) शान्ति, समृद्धि र विकास

-o-


CURRICULUM DEVELOPMENT CENTRE

Please subscribe to our YouTube Channel. Also, like and follow us on our Facebook Page.

You can find complete pdf of specification chart and model questions on the following post.

## Class 12 Model Question 2078 PDF (All Subjects) With Specification Grid

Dinesh Shrestha




Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.